# सम्पादकीय

*विकासको निम्ति शिक्षा* वार्षिक रूपमा प्रकाशन हुने विज्ञसमीक्षित जर्नल हो । यस जर्नलले वि.सं. २०३३ देखि नै विद्यालय तहदेखि उच्च तहसम्मका शिक्षाको नीति र अभ्यास, आधुनिक शैक्षिक/शैक्षणिक प्रविधि, वैकल्पिक शिक्षा, पाठ्यक्रम, कक्षाकोठाको सिकाइ सहजीकरण प्रक्रिया र शिक्षाका समसामयिक मुद्दासँग सम्बन्धित अनुसन्धानमूलक लेखहरूको प्रकाशनलाई प्राथमिकता दिँदै आएको छ । यो जर्नल यस केन्द्रबाट सम्पन्न अनुसन्धानात्मक कार्यबाट निर्मित ज्ञानलाई सार्वजनिक गर्ने माध्यम पनि हो । यो जर्नल नेपाल अनलाइन जर्नल (NepJOL) सँग पनि जोडिएको छ । त्यसकारण यसमा प्रकाशित लेखहरू र सम्पादनका प्रक्रियालाई अझ स्तरीय, व्यवस्थित र वैज्ञानिक बनाउने कार्यमा सेरिड परिवारको उत्साह निरन्तर वृद्धि हुँदै गएको छ ।

प्रस्तुत अङ्क इतिहासको एउटा नयाँ पाइलो हो । यस अङ्कमा उच्च शिक्षा, शिक्षकको पेसागत विकास तथा कक्षाकोठाको सिकाइ सहजीकरण, शैक्षिक सामग्री लगायतका विषयसँग सम्बन्धित १० ओटा लेखहरू समावेश गरिएका छन् । यी लेखहरूले तत्तत् विषयक्षेत्रमा चासो राख्ने जिज्ञासु पाठकवर्गलाई विषयगत ज्ञान र अनुसन्धानात्मक चेत तथा विश्लेषणात्मक शैलीले लाभान्वित त गर्ने नै छन् । त्यसका अतिरिक्त सम्बन्धित विषयक्षेत्रको गहन विश्लेषण र यथार्थपरक समीक्षाका माध्यमबाट अनुसन्धानको नवीन क्षितिज चिहाउने आधारभूमि तयार गर्नमा पनि योगदान पुग्ने अपेक्षा राखिएको छ ।

आफ्ना महत्त्वपूर्ण लेख यस जर्नलमा पठाई सहयोग गर्नुहुने विज्ञ लेखकहरूलाई म विशेष धन्यवाद दिन्छु । यसका साथै लेखलाई परिमार्जित गर्ने सन्दर्भमा गहन अध्ययन गरी अत्यन्त मिहिनेतपूर्वक लेखको समीक्षा गरिदिनुहुने विज्ञसमीक्षकहरूप्रति म विशेष आभार प्रकट गर्दछु । जर्नल प्रकाशनको सम्पूर्ण जिम्मेवारी लिनुहुने शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) का कार्यकारी निर्देशक लगायत सेरिड परिवारले सिर्जना गरेको वातावरणले जर्नल प्रकाशनमा निकै ठुलो भूमिका खेलेको छ। जर्नल प्रकाशनका क्रममा सुरुदेखि अन्त्यसम्म निरन्तर खटिरहनुहुने सम्पादक मण्डलका सदस्यहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ । आगामी दिनमा पनि पाठक वर्गले यस जर्नललाई उत्तिकै रुचाउनुहुने छ, निरन्तर सकारात्मक सल्लाह, सुझाव दिइरहनुहुने छ अनि विज्ञ लेखकले जर्नलका लागि स्तरीय लेखहरू प्रेषित गरिरहनु हुने छ भन्ने अपेक्षा गर्दछु ।

प्रा.डा. केशवराज पोखरेल
प्रधान सम्पादक